नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेबसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२।८३
चलानी नं. :- ४८०

## सतर्कता अपनाउने सम्बन्धी सूचना

जल तथा मौसम विज्ञान विभागको मिति २०८२/०७/१३ को मौसम सम्बन्धी चेतावनी अनुसार मिति २०८२/०७/१३ र १४ गते बागमती प्रदेशका सम्पूर्ण जिल्लाहरुमा वर्षा/हिमपातको सम्भावित जोखिमको आंकलन गरी सतर्क रहन सूचना जारी भए बमोजिम उल्लेखित अवधिमा रसुवा जिल्लाका उच्च हिमाली भू-भागमा हिमपात तथा अन्य भू-भागमा वर्षातको संभावना रहेकाले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ। पदयात्राका क्रममा रहनु भएका स्वदेशी एवम् विदेशी पर्यटकहरु नजिकको सुरक्षा इकाईको समन्वयमा मात्र पदयात्रा गर्नुहुन, पदयात्रामा निस्कन चाहनु हुने महानुभावहरुले मौसम तथा पदमार्गको अवस्था बुझी स्थानीय प्रशासनको समन्वयमा यात्रा गर्नु हुन र चिसो अवधिभर जोखिमपूर्ण अवस्थामा रहने उमेर समूहका बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग एवम् सम्पूर्ण जिल्लाबासीहरुमा न्यानो कपडा लगाउन, आवश्यक सूचना एवम् जोखिम विश्लेषण पश्चात मात्रै घर बाहिर निस्कनु हुन समेत आग्रह छ। साथै कुनै विपद्जन्य घटना घट्न गएमा सम्बन्धित स्थानीय तह, स्थानीय जनप्रतिनिधि, नजिकको सुरक्षा इकाई तथा स्थानीय प्रशासनलाई यथाशिघ्र जानकारी गराउनु हुन समेत अनुरोध गरिन्छ।

मिति २०८२।०७।१३, ने.स.११४६

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी

<u>तत्काल सम्पर्कको लागि</u>

१. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, रसुवा (DEOC)- ०१०५४००१९
९८४१६७४०६६